राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

१७औं वार्षिकोत्सव



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : २२८ ॥ २०८२ असोज २३ गते बिहिबार (9th Oct 2025 Thursday) Pratidin National Daily मूल्य-रु.५/-

# झापा गाउँपालिकाका ६३३ बाढीपीडित परिवारलाई राहत

झापा(प्रस) । झापा गाउँपालिकाका ६३३ बाढीपीडित परिवारलाई राहत वितरण गरिएको छ  झापा गाउँपालिकाका  वडा नं. १ र २ मा रहेका विस्थापित र प्रभावित परिवारलाई जिल्ला विपद् व्यवस्थापन समितिको संयोजनमा संकलित राहत सामग्री वितरण गरिएको हो । वडा नं. १ को मिलनबस्ती र सालमारा तथा वडा नं. २ को सुगाबथान तथा कुवाडीका विस्थापित र प्रभावित गरी  जम्मा ६३३ घरपरिवारलाई इलाका प्रहरी कार्यालय कुमरखोद र वडा नं. २ को कार्यालय नजिक रहेको रेडक्रस सोसाईटीको भवन गरी दुईवटा राहत केन्द्रबाट राहत बितरण गरिएको हो ।  बुधवार विहान १० देखि दिउँसो ४:२० बजेसम्म चलेको राहत वितरण कार्यक्रममा प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारी, अरिदमन गणका गणपति प्रमुख सेनानी  सरोज थापा, जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक राजन लिम्बू , राष्ट्रिय अनुसन्धान कार्यालयका उपसचिव उमेश पाण्डे,जिल्ला रेडक्रसका सभापति लोकराज ढकाललगायत अन्य दाताहरु तथा स्थानीय जनप्रतिनिधिहरुको उपस्थिति रहेको थियो । साथै उक्त राहत वितरणमा अरिदमन  गणका ५० जना फौज तथा अन्य सुरक्षा निकायका फौजहरुले सुरक्षा व्यवस्था लगायत राहत वितरणमा सहजीकरण गरेका थिए । बिहीवार  झापा गाउँपालिका वडा नं. १ र २ का बाँकी विस्थापित र प्रभावित घरपरिवारहरुलाई राहत वितरण गर्ने कार्यक्रम रहेको  अरिदमन गणका गणपति प्रमुख सेनानी थापाले जानकारी दिएका छन् ।

अरिदमन गण, चारआलीको  २ वटा ७.५  टन टाटा ट्रकमा ४३ जना फौजमार्फत विर्तामोड र



सुरुङ्गाबाट ढुवानी गरी इलाका प्रहरी कार्यालय कुमरखोदमा  ती सामग्री डम्पिङ गरिएको थियो ।  त्यसैगरी विर्तामोड र सुरुङ्गामा राखिएका बाँकी राहत सामग्रीहरु  बुधवार अरिदमन गणको २ वटा ७.५ टन टाटा ट्रकमा ५० जना फौजमार्फत  झापा गाउँपालिका वडा नं. २ स्थित इलाका प्रहरी कार्यालय कुमरखोद र वडा नं. २ को कार्यालयसँगै अवस्थित रेडक्रसको भवनमा ढुवानी गरिएको थियो ।  पीडितहरुलाई प्याकेजअनुसार राहत वितरण गरिएको हो ।

प्याकेज अनुसार प्रतिपरिवार चामल १ बोरा(केजी), तेल १ लिटर , नुन २ केजी , आलु ५ केजी , दाल २ केजी , पानी १ काटुन , म्याट २ थान र कम्बल २ थान वितरण गरिएको हो ।

आइतवारदेखि परेको अविरल वर्षाका कारण आएको बाढीले झापा गाउँपालिकाको १ र २ नं वडालाई सखाप पारेको छ ।

झापा जिल्लामै सबैभन्दा बढी क्षति दक्षिणी सिमावर्ती झापा गाउँपालिकामा भएको हो । त्यसमा पनि वडा नं १ र २ का अधिकांश बासिन्दा प्रभावित बनेका हुन् । माई खोलाको भेल गाउँमा पस्दा ती दुई वडामा करोडौको क्षति भएको छ ।करिव १ हजार ५ सय घरधुरी र ४ हजार ९०७ जनसंख्या रहेको वडा नं १ का ६९५ परिवार डुबानमा परेका थिए । त्यस्तै २ हजार १ सय घरधुरी र ५ हजार १सय जनसंख्या रहेको वडा नं २ का १ हजार २७० परिवार डुबानको मारमा परेका छन् । माई खोलाको छेउमा रहेका ती वडा बढी प्रभावित बनेका हुन् ।

त्यस्तै झापा गाउँपालिकाको वडा नं ३ , ५ , ६ र ७ नं वडा पनि प्रभावित बनेका छन् । १ हजार ३५० घरधुरी रहेको वडा नं ३ मा करिव ५० प्रतिशत , ८ सय घरधुरी रहेको वडा नं ७ मा करिव ४० प्रतिशत घरधुरी डुबानमा परेका थिए । त्यस्तै १ हजार ४ सय घरधुरी रहेको वडा नं ५ मा १०८ घरधुरी प्रभावित र ३४ घरधुरीलाई पूर्ण क्षति पुगेको छ । ठूलो भेल पसेपनि आफ्नो वडाका प्रभावितहरु विस्थापित नबनेको वडा नं ५ का वडाध्यक्ष कृष्णप्रसाद राजवंशीले बताए । उनले अहिले पानी घटिसकेको जानकारी दिए ।

त्यस्तै वडा नं ६ को करिव सय घर डुबानको मारमा परेको जनाइएको छ । झापा गाउँपालिकामा ८ हजार ५१५ घरधुरी र ३९ हजार ३०२ जनसंख्या रहेको छ । बढी गरेर वडा नं १ र २ मा क्षति पुगेको झापा गाउँपालिकाका कार्यवाहक अध्यक्ष अन्जुदेवी थपलियाले बताइन् । उनले गाउँपालिकाभरि भएको क्षतिको विवरण निकाल्ने काम भइरहेको जानकारी दिएकी छन् ।

झापा गाउँपालिकामा  करिव ३ हजार ५ सय घरधुरीका १२ हजार मानिस प्रभावित भएको अनुमान गरिएको छ । बाढीग्रस्त झापा गाउँपालिकाको वडा नं १, २ र ३ लाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्न माग गरिएको छ ।

## राहत वितरणको नेतृत्व स्थानीय तहलाई
# आफूखुसी वितरण गर्न रोक

झापा(प्रस) । झापाका बाढीपीडितहरुलाई आफूखुशी राहत वितरण गर्न जाने कार्यलाई पूर्णतः नियन्त्रण गर्दै वितरणको नेतृत्व स्थानीय तहलाई दिइएको छ ।
जिल्ला बिपद ब्यवस्थापन समिति झापाले सो निर्णय गरेको हो । जिल्ला प्रशासन कार्यलयको सभाहलमा जिल्ला बिपद ब्यवस्थापन समिति झापाको संयोजनमा झापाका प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीको अध्यक्षतामा, संघीय सासद लालबहादुर साँवा लिम्बू , कोशी प्रदेश सरकारका राज्यमन्त्री भूमि राजवंशी, जिल्लास्थित सुरक्षा निकायका प्रमुख, विभिन्न संघ संस्थाका प्रतिनिधिहरुलगायतको उपस्थितिमा बसेको बैठकले स्थानीय तहको नेतृत्वमा एकद्वार प्रणालीबाट राहत वितरण गर्ने निर्णय गरेको हो ।
स्थानीय तहबाट मात्र राहत वितरण सम्भव नहुने भएकाले जिल्ला तहबाट पनि राहत जुटाई स्थानीय तहमा आवश्यकता र प्राथमिकताका आधारमा राहत सामग्री पठाउने, यस्तो सामग्री सम्बन्धित स्थानीय तहको नेतृत्वमा पारदर्शी ढंगले प्राथमिकता प्राप्त व्यक्तिहरुलाई वितरणको व्यवस्था मिलाउने निर्णय गरिएको हो ।

विपद्को बेला सहयोग गर्न इच्छुक दातृ निकाय तथा अन्य संघ/संस्था/ महानुभावहरुलाई जिल्ला प्रशासन कार्यालयसँग अनुमति लिएर तोकिएको स्थानीय तहमा गई उक्त स्थानीय तहको संयोजनमा राहत वितरण गर्न सक्ने व्यवस्था गरिएको छ । तर, समन्वय नगरी आफूखुसी राहत वितरण गर्न जाने तथा प्रचार प्रसारका लागि मात्र वितरण गर्न खोज्ने कार्य पूर्णतः नियन्त्रण गर्ने बैठकले निर्णय गरेको छ ।
झापा गाउँपालिका, गौरीगञ्ज गाउँपालिका, शिवसताक्षी नगरपालिकालगायतका स्थानीय तहमा धेरै घरहरु डुवानमा परेका छन् । कैयौं परिवार अस्थायी रुपमा विस्थापित हुनु परेको छ भने धान तथा अन्य खेतीवाली र पशुधन समेत क्षति भएको छ ।
बैठकले प्रभावित परिवारको यथार्थ विवरण स्थानीय तह, स्थानीय प्रहरी, रेडक्रस समेतको संयुक्त टोलीले अविलम्ब संकलन गरी सक्ने, यसका लागि आवश्यक सहजीकरण नेपाल रेडक्रस सोसाइटीले गर्ने ,कृषि तथा पशु एवं सडक, पुल, खानेपानी, विद्युत लगायतका पूर्वाधारका क्षेत्रमा भएको क्षतिको विवरण सम्बन्धित विषयगत कार्यालयले ७ दिनभित्र तयार गरी जिल्ला प्रशासन कार्यालयमा उपलब्ध गराउने , बाढी डुवान प्रभावित क्षेत्रमा स्वास्थ्य समस्या हुन नदिन स्वास्थ्य कार्यालय र प्रादेशिक अस्पतालको अगुवाईमा निजी क्षेत्रका स्वास्थ्य संस्थाहरु समेतको सहभागितामा स्वास्थ्य टोलीहरु यथाशिघ्र खटाउनका साथै नियमित सूचना प्राप्त गरी कतै स्वास्थ्य समस्या देखिए तत्काल विशेषज्ञ सहितको टोली खटाउने निर्णयसमेत भएको छ ।
झापामा ५ हजारभन्दा बढी परिवार प्रभावित भएको प्रारम्भिक अनुमान गरिएको छ ।

प्रायः सबैको घर डुवानमा परी ओढ्ने ओछ्याउने, खाद्यान्न लगायतका सामग्री पूर्णतः नष्ट भएको छ ।स्थानीय तह तथा जिल्ला स्तरबाट जुटाइने राहत सामग्रीले मात्र पर्याप्त नहुने भएको हुँदा तत्कालका लागि १५०० परिवारलाई पुग्ने खाद्य सामग्री (प्याकेज) तथा हजार थान ब्ल्याङ्केट तथा हजार थान मेट्रेस उपलब्ध गराईदिन राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण र आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश विराटनगरसँग माग गर्ने निर्णयसमेत भएको छ ।

# करिव दुई लाख रकमसहित ७ जना जुवाडे पक्राउ



झापा(प्रस) । करिव दुई लाख रकमसहित ७ जना जुवाडे सुनसरीको कोशी गाउँपालिका वडा न. १ लौकहीमा पक्राउ परेका छन् ।
मंगलवार राति ११:२० बजे कोशी गाउँपालिका वडा न. १ लौकहीमा जुवा खेलिरहेको भन्ने गोप्य सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय सुनसरीबाट प्रहरी टोली खटिँदा अरुणकुमार यादवको गोदाम घरमा जुवा तास खेलिरहेको अवस्थामा ७ जना जुवाडे पक्राउ परेका हुन् । पक्राउ पर्नेहरुमा सुनसरी भोक्राहा नरसिंह गाउँपालिका वडा न. १ बस्ने ५२ वर्षीय रमानन्द महतो , कोशी- ५ स्थायी घर भई हाल कोशी -१ बस्ने ३८ वर्षीय विनोदकुमार यादव , इनरुवा नगरपालिका वडा न. ९ स्थायी घर भई हाल कोशी -१ बस्ने ४४ वर्षीय योगेन्द्रप्रसाद यादव , कोशी -१ बस्ने ५० वर्षीय राजेशकुमार सुब्बा , भोक्राहा नरसिंह गाउँपालिका वडा न. १ बस्ने ४० वर्षीय दिनेशकुमार साह , कोशी -१ बस्ने ४६ वर्षीय अरुणकुमार यादव र भोक्राहा नरसिंह -३ बस्ने ३० वर्षीय चन्दन यादव रहेका छन् ।

खालबाट नगद १ लाख २१ हजार २०० र उनीहरूको साथबाट नगद ६९ हजार ३९० गरी जम्मा नगद १ लाख ९० हजार ५९० रुपैयाँ बरामद भएको छ । त्यस्तै १६ बुङ तासमेत बरामद गरी संलग्न ७ जनालाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय सुनसरीमा राखिएको प्रहरीले जनाएको छ ।

# हामीबाट भयो भुल  सरकार चाँडो बना कन्काई पुल

झापा(प्रस) । बिगत १५ वर्षदेखि अलपत्र भइरहेको गौरीगंज र झापा गाउँपालिका जोड्ने कन्काई पुललाई तत्काल वनाउन सुरु गर्नु पर्ने माग राख्दै बिभिन्न नारा लेखिएका प्लेकार्डसहित स्थानीयवासीले एक घण्टा धर्ना दिएका छन् ।  बुधवार  बिहान १० देखि ११ बजेसम्म गौरीगंज गाउँपालिका  १ स्थित  कन्काई माईपुलमा करिव १७/१८ जना स्थानीयवासीहरु स्थानीय मुकेश राजवंशीको नेतृत्वमा गौरीगंज र झापा गाउँपालिका जोड्ने पुल बिगत १५ वर्षदेखि हुँदा स्थानीयवासीहरुले वर्षायाममा धेरै सास्ती पाएको र  वर्षेनि माईखोलाको पानी वस्तीमा पसेर अन्नवाली र धनजनको क्षति गरेकाले तत्काल माईपुल वनाउन सुरु गर्नु पर्ने माग राखेका हुन् ।



यो कार्यक्रमबाट स्थानीय सरकार , प्रदेश सरकार र केन्द्रीय सरकारलाई बिरोध कार्यक्रम स्वरुप ध्यानाकर्षण गरिएको र तत्काल पुल वनाउन सुरु नगरे फेरी बिरोध कार्यक्रम गर्ने उनीहरुले बताएका छन् ।

# ओलीले एमाले नेतृत्व नछाड्ने

पूर्वप्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले नेतृत्व नछाड्ने भएका छन्।

पहिलो पटक प्रदेश र जिल्ला अध्यक्षहरूसँग भएको आजको बैठकमा उनले अध्यक्ष नछाड्ने स्पष्टरुपमा बताएका छन्।

जेनजी आन्दोलन र त्यसपछिको अवस्थाबारे बैठकमा प्रदेश र जिल्लाका अध्यक्ष तथा इन्चार्जहरूले प्रश्न उठाउँदै पार्टी पुनर्गठनको सुझाव दिएका थिए। त्यसपछि



ओलीले अहिलेकै परिस्थितिमा नेतृत्व नछाड्ने बताएका हुन्।

नेतृत्व पनि नछाड्ने र संसद भंग गरेर बनेको अन्तरिम सरकारकाविरुद्ध अदालत जाने उनले संकेत गरेका सहभागी एक नेताले बताए।

उनले जेनजी आन्दोलनमा विदेशी हस्ताक्षेप र अन्य शक्तिहरूको चलखेल नै पनि बताएका छन् ।

अध्यक्ष ओलीले अहिले नेतृत्वको प्रश्न उठाउने बेला नभएर पार्टीलाई एकताबद्ध र सशक्त गराउनुपर्ने बेला भएको उल्लेख गर्दै सक्दासम्म नेतृत्व र पार्टीको हितमा काम गर्न नछाड्ने उनले बताएका ती नेताले जानकारी दिए।

# बोलेरो जीप दुर्घटनामा चौध जना घाइते

म्याग्दीको बेनी नगरपालिका–९ घतान तुसारेपानीमा आज दिउँसो भएको बोलेरो जीप दुर्घटनामा चौध जना घाइते भएका छन्।

जिल्लाको रघुगङ्गा गाउँपालिका–८ कुइने खानीबाट सदरमुकाम बेनीतर्फ आउँदै गरेको ग २ च ५९३० नम्बरको बोलेरो जीप दुर्घटनामा परेर घाइते भएकाहरूको प्रदेश अस्पताल बेनीमा उपचार भइरहेको छ।

घाइतेमध्ये कुइनेखानीका पूर्ण छन्त्याल, रीता



छन्त्याल, नन्दा छन्त्याल र बिना छन्त्याललाई थप उपचारका लागि गण्डकी मेडिकल कलेज पोखरामा पठाइएको अस्पतालले जनाएको छ।

ओरालो बाटोमा ब्रेक फेल भएर जीप दुर्घटनामा परेको प्रारम्भिक अनुसन्धानबाट खुलेको र जीपका चालक चन्द्र पुर्जालाई अनुसन्धानका लागि नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय म्याग्दीका सूचना अधिकारी प्रहरी निरीक्षक सागर पौडेलले जानकारी दिए।

जीप सडकबाट करिब ११० मिटर तल बाँझो बारीमा खसेको थियो। दुर्घटनामा परेकाहरूको स्थानीयवासी, जनप्रतिनिधि र नगर प्रहरी र सुरक्षाकर्मीहरूले उद्धार गरी बेनी अस्पतालमा उपचारका लागि पुर्‍याइएको थियो।

## सम्पादकीय

# पक्राउ गरी कार्वाही गर

भदौ २३ मा आन्दोलन उठ्यो र केपी ओली नेतृत्वको सरकारले २१ जना कलिला बालबालिकाको टाउको, छाती र कन्चटमा गोली दागेर 'राज्य नियोजित हत्या' गरिदियो।

भदौ २४ गते त्यसैको प्रत्योत्तरमा भौतिक क्षति हुनेगरी आन्दोलन उग्र बनेपछि उनको राजीनामा आएको थियो। यस्तो आततायी प्रवृत्तिको सत्ता चलाए पनि हालसम्म पक्राउ नगरिएका ओलीलाई कानुनी दायरामा ल्याउनका लागि बेजोड माग उठ्दा अहिले एमालेका प्रायोजित सेनामेना बालबालिका हत्यालाई सामान्य ठान्दै प्रतिरोधमा उत्रिने चेतावनी दिइरहेका छन्। यो अरु कसैको उक्साहटमा नभै ओलीको निर्देशनका आधारमा नै भएको देखिएको छ।

यसको प्रमाण उनले दशैंको अवसरका नाममा एमालेको युवा दस्ताले भक्तपुरको गुन्डुमा गरेको कार्यक्रममा दिएको भाषण पनि हो। आन्दोलनको रापताप सेलाउन नपाउँदै ओलीले दिएको चेतावनीको कसीमा अहिले उनी र तत्कालीन गृहमन्त्री रमेश लेखकलाई पक्राउ गर्नका लागि दबाब बढिरहेको छ।

भौतिक क्षतिभन्दा पनि भयानक मानवीय क्षति हुन्छ। २१ परिवारको आशा, भरोसा र बेदनामा नृशंस हत्या गर्ने आदेश दिने ओलीलाई पक्राउ गर्ने विषय स्वाभाविक हो। उनलाई तत्काल नजरबन्दमा राखेर पक्राउ गरी कानुनी कारबाही चलाउनु नै कानुनी राज्यको परिचायक हुन्छ।

आन्दोलनमा दमन गर्ने शासकले सजाय पाएका कयन उदाहरण छन्।

तल्लो स्तरका विरोध–आन्दोलन र नागरिक हत्याका आरोपहरूमा विश्वभरका शासक र कमान्डरहरूलाई पक्राउ गर्ने र उत्तरदायी ठहर्याउने तरिका धेरै तरिकाले भएका छन्।

घरेलु बिप्लव प्रहरी कारबाहीपछि गिरफ्तारी, विद्रोही वा सरकारविरुद्धको सफल विद्रोहपछि सत्ता परिवर्तन र जेलबन्दी, अन्तर्राष्ट्रिय अदालतद्वाराचाहिँ सर्वसाधारण र कानूनी दबाब सिर्जना गर्ने प्रक्रिया, र विदेशमा गिरफ्तारी विशेष अपरेशनमार्फत कब्जा गरी स्थानान्तरण गर्नुपर्ने हुन्छ।

जब शासन उल्टिन्छ तब पुराना नेताहरूलाई स्थानीय अदालतले कारबाही गर्छन्। इजिप्टमा २०११ को क्रान्ति पछाडि राष्ट्रपति होस्नी मुबारकलाई पक्राउ गरी प्रदर्शन दमन र हत्याका आरोपमा मुद्दा चलाइयो। यसले घरेलु न्यायप्रक्रियाबाट पनि उच्च–स्तरीय नेताहरूलाई जवाफी कारबाहीमा ल्याउन सकिन्छ।

इराकमा बुज ुर्ग नेता साद्दाम हुसैनलाई १३ डिसेम्बर २००३ मा अमेरिकी सेनाले समाते र पछि इराकी विशेष अदालतले युद्धअपराध तथा मानबहत्या सम्बन्धी मुद्दामा दोषी ठहरेर मृत्युदण्ड भयो। यो शैलीले युद्धपछि कब्जा र तत्काल कारवाहीको उदाहरण हो।

नेपालमा भएको जेनजी आन्दोलनमा भएको दमनका हकमा तत्कालीन गृहमन्त्री रमेश लेखकलाई तत्काल पक्राउ आवश्यक छ। यसबाहेक प्रधानमन्त्रीको जिम्मेवारीमा रहेका ओलीलाई स्वास्थ्यको कारणले मानवीयता राख्ने हो भने पनि गुन्डुमा नजरबन्दमा राखी आवश्यक कानुनी कारबाही बढाउन जरुरी छ ।




# उद्यमसँग जोडिने शिक्षाको मार्गचित्र



• डा.चन्द्रमणि अधिकारी

नेपालमा २०१३ सालमा योजनाबद्ध विकासको थालनी भयो । पहिलो योजना सुरु गर्दा उत्पादनमा वृद्धि र बेरोजगारलाई काम दिने उद्देश्य राखियो । योजनाले उत्पादन बढाउन वैज्ञानिक ज्ञान र औजारको प्रयोग गर्ने तरिका सुझायो । वैज्ञानिक अनुसन्धानको माध्यमद्वारा सिप बढाएर उत्पादन बढाउने विषयलाई प्राथमिकतामा राखियो । यस्तो सोच राखेको सरकारले विक्रमको बिसको दशकसँगै नहर बनाउँछु भन्यो, आधुनिक बिउ दिन्छु भन्यो, किसानलाई रासायनिक मलमा बानी पाऱ्यो । कृषिलाई आधुनिकीकरण तथा व्यावसायीकरण गर्छु भन्यो । उद्यमको विकास गर्छु भन्यो । यसका लागि शिक्षा प्रणाली र आर्थिक विकासबिच तादात्म्य कायम राख्नुपर्ने थियो । यसै सिलसिलमा २०१६ सालमा देशमा पहिलो विश्वविद्यालय स्थापना गरियो, त्यहाँ चुक भयो । विश्वविद्यालय देशमा भएको स्रोत अनुकूल हुने गरी खुलेन । अहिले नेपालमा प्रादेशिक स्तरका र स्वायत्त शैक्षिक प्रतिष्ठानसहित विश्वविद्यालय स्तरका दुई दर्जनभन्दा बढी संस्था छन् । पछि खुलेका केही संस्थाले प्राविधिक शिक्षालाई प्राथमिकतामा राखे पनि अपेक्षा गरे अनुसार चुनौतीको सम्बोधन हुन सकेको छैन । शिक्षा प्रणाली देशको भूगोल एवं आर्थिक, सामाजिक र औद्योगिक अवस्था तथा देशमा उपलब्ध स्रोत एवं आउँदो शताब्दीमा नेपाललाई कुन गन्तव्यमा पुऱ्याउने र त्यसका लागि विकासको मोडेल कस्ता हुने हो भनेर कोरिएको मार्गचित्र अनुकूल हुनु पर्छ ।

नेपालको भूगोल विविधता बोकेको छ, यहाँ जङ्गल, माटो, पानी, खनिज, हिमाल, पहाड र सुन्दर स्थान र विविधता बोकेको हावापानीसमेतका स्रोत र सम्पदा छन् । विकास त यी स्रोतका आधारमा हुनु पर्छ । उद्योगहरूको विकास यिनै स्रोतलाई आधार मानेर गर्नुपर्ने हो । यसका लागि शिक्षा प्रणाली र पद्धति पनि त्यसै अनुसार हुनु पर्छ । यस दृष्टिकोणबाट हेर्दा नेपाललाई कृषि, वन र पशु तथा पर्यटनसम्बन्धी र प्राद्यौगिक विश्वविद्यालय चाहिएको थियो । हामीले सुरुमा नै ऐन स्रेस्ता र नागरिकशास्त्र पढाएर रातो कलमले शासन गर्ने व्यक्ति अथवा हाकिम उत्पादन गर्ने विश्वविद्यालय खोल्ने विषयलाई प्राथमिकतामा राख्यौं । वैज्ञानिक ज्ञान र औजारको प्रयोग गर्ने तरिका र वैज्ञानिक अनुसन्धानको विषयलाई शिक्षा प्रणालीको प्राथमिकता बनाएनौं । मानव स्रोतलाई शिक्षाको माध्यमबाट उत्पादनमा जोड्ने काम हुन सकेन । देशका हरेक बालिग नागरिकलाई शिक्षा, ज्ञान, सिप र प्रविधिसँग परिचित बनाई त्यसको सही अभ्यासद्वारा उत्पादन र समाजलाई सही दिशामा लैजाने दृष्टिकोणबाट असल पात्र बनाउने काम अधुरो रह्यो ।

यहाँनेर वैदिकशास्त्रमा रहेको संस्कृत भाषाको एउटा श्लोक निकै सान्दर्भिक देखिन्छ । 'विद्यां ददाति विनयं विनयाद् याति पात्रताम्, पात्रत्वात् धन माप्नोति धनात् धर्म ततः सुखम् । उद्यमेन हि सिध्यन्ति कार्याणि न मनोरथैः, न हि सुप्तस्य सिंहस्य प्रविशन्ति मुखे मृगाः ।' यो श्लोकको भावार्थ लगाउँदा 'देशको विकास र समाजको समुन्नतिको स्पष्ट खाका देख्न सकिन्छ । जसले विद्या वा शिक्षाले ज्ञान, सिप र विवेक दिन्छ । ज्ञान, सिप र विवेक भएपछि नागरिक उद्यम गर्न वा देश र समाजका लागि आवश्यक कार्य गर्न योग्य र ल्याकत भएको असल पात्र बन्छ । असल नागरिक वा पात्रले उद्यम वा कृषि, उत्पादन, उद्योग, व्यापारसमेतका असल काम (धर्म) गरेर आवश्यक धन प्राप्त गर्छ । धन वा स्रोत प्राप्त भएपछि त्यसको उपयोग धर्म वा असल कार्यका लागि गर्न सकिन्छ । यस्ता असल कार्य गर्न सकियो भने मानव जीवन स्वतः सुखी र खुसी हुन्छ' भन्ने पाँच वटा सन्देश दिएको छ । यसको अनुसरण गर्न सकेको भए पनि देशमा जीवन उपयोगी, कर्म उपयोगी र समाज उपयोगी शिक्षाको विषय प्राथमिकतामा पर्दथ्यो ।

यहाँ धर्म वा असल कार्य भनेको बाटोघाटो, अस्पताल, शिक्षालय, पानी पंधेरो, धर्मशाला, अनाथालय, वृद्धाश्रम, विश्राम गृह, क्रीडा स्थल, मठमन्दिर, पाटीपौवा, मनोरञ्जन स्थल आदिको निर्माण तथा सम्भार गर्न हो । मानव जीवनलाई दैवी तथा अन्य प्रकोपबाट उद्धार गर्नेसमेत काम गर्नु हो । धर्म भनेको धूप, बत्ती, अबिर, अक्षता लिएर कुनै मूर्तिको वा मन्दिरमा गएर पूजा गर्नु मात्र होइन । प्रमुख काम त मानव कल्याण गर्नु हो; पृथ्वी जोगउनु हो । माथि उल्लिखित श्लोकलाई हामीले घोक्यौं मात्र, व्यवहारमा ल्याएनौं, योजनामा उतारेनौं ।

जुन देश समुन्नत छ, त्यहाँको व्यवहार र अनुभव हेर्दा यो श्लोकले दिएको दर्शन र सिद्धान्तलाई व्यवहारमा उतारेको देखिन्छ । असल शिक्षा प्राप्त गरेको नागरिकले काम पनि असल ढङ्गले गर्न सक्छ । बोलेर मात्र कार्यसिद्धि हुँदैन, भोक लाग्यो भनेर खानेकुरा आफैं मुखमा आउँदैन, यसका लागि कर्म गर्नु पर्छ, उद्यम गर्नु पर्छ । जसका लागि विद्या चाहिन्छ भन्ने श्लोकमा उल्लिखित कुरा प्रमाणित भएको छ । यति कुरा बुझेर योजना र नीति बनाउने तथा कार्यान्वयनमा ल्याउने काम गर्न सकेको भए देश निकै समुन्नत भइसकेको हुने थियो । त्यति बुद्धि र विवेक पनि हामीसँग भएन ।

अहिले समय फेरिँदै गएको छ । मानिसको सोचमा परिवर्तन आएको छ । चेतना, पूर्वाधार र प्रविधिको विकाससँगै सामाजिक संरचना परिवर्तन भएको छ । समयसँगै संयुक्त परिवार क्रमशः एकल परिवारमा रूपान्तरण हुँदै गयो, न्युक्लियस परिवारको सङ्ख्या बढ्यो । छोराबुहारीले बाबुआमा र हजुरबा हजुरआमालाई आफ्नो परिवारको वृत्तबाट बाहिर राख्न थाले । परिवारको परिभाषा सङ्कुचित भयो । हिजो कृषि क्षेत्रमा संयुक्त परिवारको संरचनाले संस्थागत अगुवा र व्यवस्थापनको काम गरेको थियो । अहिले त्यो करिब करिब भत्किसक्यो । यसरी हिजो भएका उत्पादन प्रणाली भत्काइयो तर प्रभावकारी ढङ्गले काम गर्ने गरी नयाँ प्रणालीको विकास र त्यसको कार्यान्वयन गर्न सकिएन । अनि देश क्रमशः परनिर्भरतातर्फ बढ्यो । अब मानव पुँजीलाई दक्ष बनाएर देशमा रहेको प्राकृतिक स्रोतको प्रयोग गरी आफूलाई चाहिने र विदेशमा बेच्न सकिने वस्तु उत्पादन गर्ने विषयमा केन्द्रित शिक्षा नीति, प्रणाली र पद्धतिको विकास गर्नु पर्छ । कच्चा श्रम (त्यो पनि अदक्ष) बेचेर पैसा कमाउने लाहुरे संस्कृतिबाट देशलाई बाहिर निकाल्ने पहिलो आधार नै प्रविधि र स्रोतसँग जोडिएको शैक्षिक प्रणाली हो ।

देशमा उत्पादन भएको बिजुली पनि कच्चा पदार्थ सरह नै हो । यसको प्रयोग त देशभित्रै उद्योग, यातायात, हवाई, बैंकिङ, शिक्षा, स्वास्थ्य, घरबार र दैनिकीमा बढीभन्दा बढी प्रयोग गरेर त्यसबाट बढीभन्दा बढी वस्तु उत्पादन गर्ने, आयात हुने वस्तु र सेवा विस्थापित गर्ने, अनि ती वस्तु निकासी गर्ने काममा जोड दिन सकेमा त्यसको सही सादुपयोग भएको मानिन्छ । बिजुलीको बढीभन्दा बढी प्रयोग औद्योगिक कार्यमा गर्न सके त्यसले अर्थतन्त्रमा मूल्य अभिवृद्धि गराउँछ, अर्थतन्त्रलाई दरिलो र प्रतिस्पर्धी बनाउँछ । उद्यमशीलता बढ्यो भने युवाको हातमा काम र गोजीमा दाम हुने छ । त्यसले विद्रोह र वैमनस्यता पनि कम गर्छ । त्यति गर्दा पनि बचत हुन आउने बिजुली भने बिक्री गर्नु उपयुक्त नै हुन्छ ।

विडम्बना भनौं वा नियति, यति धेरै विश्वविद्यालय हुँदा पनि ती विश्वविद्यालयबिच उपयुक्त किसिमको विषयगत बहसको अन्तरसञ्जालको विकास गरिएको छैन । माध्यमिक र उच्च शिक्षालाई उद्यमशीलतासँग जोड्ने गरी रणनीतिक खाका र कार्यक्रम पनि बनाउन सकिएको छैन । प्रमुख सम्भावना रहेका कृषि, वन, ऊर्जा, पर्यटन र उद्योगका क्षेत्रमा आउँदा तीन दशकमा कुन तहको र कुन गुणस्तरको कस्तो जनशक्ति चाहिन्छ भनेर सङ्ख्या पनि यकिन गर्न सकिएको छैन ।

तसर्थ अबको पहिलो प्राथमिकता भनेको उद्यमले नै कार्यसिद्धि हुने हो, देश समाज, परिवार र व्यक्तिको साझा समुन्नति हुने हो भन्ने कुरालाई बुझेर देशले परिकल्पना गरेको विकासको मोडेल र त्यस मोडेलले खोजे अनुसारको गुणस्तर र संख्यामा जनशक्तिको विकास गर्ने गरी क्षेत्रगत आवश्यकतासमेतको मानव संसाधनसम्बन्धी स्पष्ट मार्गचित्र तयार गर्नुपर्ने छ । विकासको मोडेल तयार गर्दा देशमा रहेको स्रोत र सम्भावना एवं अन्तर ाष्ट्रिय परिवेशलाई केन्द्रविन्दुमा राखिनु पर्छ । अन्यथा शिक्षा र विकासका बिच विचलन पैदा भएर द्वन्द्वको वातावरण बन्छ । कागजमा शिक्षित मानिसको सङ्ख्या धेरै देखिन्छ तर यथार्थमा आवश्यक जनशक्ति अभाव हुन्छ । यसरी विकासको मोडेल र त्यस अनुकूलको उद्यममा आधारित शिक्षा प्रणालीको मार्गचित्र तयार गर्न सकिन्छ । त्यसपछि शिक्षा नीति, प्रणाली, संस्थागत व्यवस्था र शिक्षण विधिमा पनि त्यसै मार्गचित्र अनुकूल हुने गरी वा त्यसै अनुरूप ढाल्ने गरी आमूल परिवर्तन र सुधार गरिनु पर्छ ।

# कारागार सुधार्ने अवसर



• मञ्जु भट्ट

त्रेता युगमा जन्मेका खुङ्खार डाँकु रत्नाकरको एक दिन नारदमुनिसँग बाटोमा जम्काभेट हुन्छ । आफूलाई लुट्ने बेला नारदमुनिले रत्नाकरलाई एउटा प्रश्न गर्छन् । के तिम्रो परिवारले तिमीले लुट्ने क्रममा गरेका हत्या, हिंसाबाट लाग्ने पापमा तिम्रो साथ दिन्छन् ? डाँकु आफूले लुटेको गरगहना, सुनचाँदी, पैसामा मात्र नभएर लुट्ने क्रममा आफूले गरेको पापमा पनि आफ्नो परिवारले साथ दिन्छन् भन्नेमा ढुक्क थिए तर जब नारदमुनिले उनलाई परिवारसँग सोधेर आउनू अनि मात्रै मलाई लुट्नू भनेपछि उनी घर जान्छन् । घरमा श्रीमती, छोराछोरी, बुवा सबैले उनले लुटेर ल्याएको सामानमा मात्रै हक जमाउने तर उनको पापमा साथ नदिने जवाफ दिए । त्यसपछि उनी त्यही दिनदेखि लुटपाट छाडेर तपस्या गर्न थाल्छन् । लुट्ने क्रममा नारदमुनिका उपदेशले परिवर्तन भएर उनी महर्षि वाल्मीकि बन्न पुगे । उनलाई भगवान् श्रीरामका बारेमा संस्कृत भाषामा रामायणको रचना गर्ने संस्कृत भाषाको पहिलो कविसमेत मानिन्छ । यो उदाहरणले समय, घटनाक्रम तथा सही उपदेशले मानिसमा सकारात्मक परिवर्तनसमेत आउन सक्छ भन्ने देखाउँछ । कहिलेकाहीँ परिस्थिति तथा वातावरणले मानिसलाई दुष्ट बनाउन सक्छ, नराम्रो काम गर्न उत्प्रेरित गर्न सक्छ भने समयसँगै मानिस ज्ञानी बन्न पनि सक्छ । भनिन्छ हरेक गल्ती गर्ने व्यक्तिभित्र एउटा असल मानिस लुकेको हुन्छ र प्रत्येक व्यक्तिमा परिवर्तन र सुधारको सम्भावनासमेत लुकेको हुन्छ । कुनै पनि मानिसलाई सधैँभरि एउटै आँखाले हेर्नु हुँदैन ।

यही भदौ २४ गते भएको जेनजी प्रदर्शनका क्रममा देशका विभिन्न कारागार तथा बालगृहबाट गरी १४ हजार ५५५ कैदी कारागार तोडफोड तथा आगजनीपश्चात् भागे । जसमध्ये आठ हजार २२६ जना कैदीबन्दी अझै पनि फरार छन् भने छ हजार ३२८ जना कारागार फर्किसकेका छन् । कारागारमा रहेका कतिपय कैदी चोरी, डकैती, हत्या, हिंसा गरेका कारण आजीवन वा बर्सौंका लागि सजाय भोगिरहेका छन् । यस्ता हिंस्रक मानसिकता भएका कैदी जेलबाहिर खुलेआम डुलिरहनु खतरापूर्ण हुन्छ । प्रहरी एक्लैले



यस्ता कैदीको खोजीकार्य सम्भव नहुन सक्छ । यस कारण समाज तथा जोसुकैले पनि यस्ता कैदीलाई पक्राउका लागि मद्दत गर्न जरुरी देखिन्छ । हालै नख्खु कारागारमा सजाय काटिरहेका काभ्रे पनौतीका ३० वर्षीय एक जना कैदी कारागारबाट भागेर श्रीमतीको हत्या गरे । यही कारण कतिपय देशले नेपाललाई भिसा दिन बन्द गरेका छन् । गम्भीर प्रकृतिका अपराधमा संलग्नलाई जसरी पनि पक्राउ गर्नै पर्छ ।

गत असारसम्मको तथ्याङ्क हेर्दा देशभरका ७५ वटा कारागारमा महिला तथा पुरुष गरी जम्मा १७ हजार ९२५ जना मात्र बस्न मिल्ने क्षमता छ । हालैको जेनजी प्रदर्शनका क्रममा देखिएको प्रहरीको रेकर्ड अनुसार कारागारमा ३० हजार ६३४ कैदीबन्दी रहेको देखिन्छ । यो तथ्याङ्क हेर्दा भदौ २३ गतेसम्म देशका विभिन्न कारागारमा क्षमताभन्दा झन्डै ६० प्रतिशत बढी कैदी रहेको देखिन्छ । भनिन्छ 'कैद सजाय अपराधको बदला होइन, सुधारको अवसर हो ।' कारागारभित्र बस्नका लागि सहज वातावरण, पोषणयुक्त खाना, स्वास्थ्य जाँच, पढ्ने लेख्ने सुविधा नहुनु र सानो ठाउँमा कोचिएर बस्नुपर्ने अवस्थाले भागेका कैदी फर्कन नचाहेका हुन सक्छन् । महिला तथा बालबालिकालाई यस्तो ठाउँमा दिन बिताउन सकस हुन्छ । कैदीले मात्रै सजाय पाइरहको हुँदैन । उसको परिवारले पनि कैदमुक्त नहुन्जेल सजाय पाइरहेको हुन्छ । तोडफोड, आगजनी हुँदा पनि कारागार छाडेर नभागेका, डराएर कारागार छाडेर भागेका, जेलरलाई सोधेर आवश्यक परे फर्किन्छौँ भनेर गएका, प्रहरीको फर्किनु भन्ने नोटिस पाएर फर्केका वा प्रहरीसँग घरबाट चुपचाप लागेर कारागार फर्केका वा प्रहरीले फर्किएनौ भने झन् बढी सजाय तोकिन्छ भन्ने उर्दी जारी गरेपछि कारागार फर्केका कैदीका बारेमा पनि एक पटक सोच्नुपर्ने बेला आएको छ । यदि कारागार फिर्ता भएनन् भने थप सजाय दिइन्छ भने कारागारबाट नभागेका र फर्केर कारागार आउनेलाई कैदमा सहुलियत पनि दिन सक्नु पर्छ । न्यायका लागि पर्खिरहेकालाई आशा र गल्ती सच्याउने मौका दिइनु पर्छ । लामो समय कारागारमा सजाय भुक्तान गरिसकेका र छ महिनासम्म कैद भुक्तान बाँकी रहेका कैदीलाई समेत प्रहरीले फिर्ता बोलाए वा आफैँ गएरसमेत लिएर आए ।

क्षमताभन्दा झन्डै ६० प्रतिशत कैदी बढी राख्नुभन्दा चालचलन, बानीव्यवहार हेरेर कम्तीमा पनि ८० प्रतिशत कैद भुक्तान गरिसकेका कैदीलाई उचित सल्लाह, सुझाव, नसिहतसहित कारागारमुक्त गरिदिँदा अन्य कैदीलाई कारागारमा बस्न सजिलो हुन्थ्यो कि ! कारागारको सुरक्षा पनि प्रहरीका लागि चुनौतीपूर्ण रहँदै आएको छ । त्यसैले कैदीलाईसजाय भुक्तान भए अनुसार छान्दै कैदमुक्त गर्दा सरकारलाई पनि आर्थिक भार कम पर्न जान्छ । अहिले त कतिपय कारागार आगलागी तथा तोडफोडले बस्नलायकसमेत छैनन् । कैदीको बासको व्यवस्था अन्य ठाउँमा गर्नुपरेको छ ।

कारागारभित्र रहँदा कैदीलाई नराम्रो काम छाडी राम्रो काम गर्न प्रेरित गर्ने खालका वक्तव्य, भाषण, अडियो, भिडियो देखाउँदा उनीहरूलाई सकारात्मक सोचतिर मोड्न सकिन्छ । रत्नाकर डाँकु परिवर्तन भए जस्तै बेला बेलामा कैदीलाई पनि सम्झाइबुझाइ गरियो भने उनीहरूले आपराधिक एवं गैरकानुनी कार्य रोकी राम्रो काम गर्न उत्प्रेरित गर्नमा धेरै मद्दत गर्न सक्छ । उदाहरणका लागि एक दिन भजनमण्डलीमा बस्यौं भने भगवान्तिरै मन जान्छ, गुरुहरूको सत्सङ्ग गर्‍यौं भने राम्रो काम गर्न मन लाग्छ, राम्रा किताब पढ्यौं भने अरूलाई देख्दा दया, माया जागेर आउँछ । त्यसै गरी कारागारमा सजाय भुक्तान गरिरहेका कैदीलाई पनि सकारात्मक सोच बढाउनको लागि धेरै प्रयास गर्न जरुरी देखिन्छ । कुनै काम गर्दा शतप्रतिशत सफल नै भइन्छ भन्ने पनि हुँदैन । कतिपय कैदीको आनिबानीमा परिवर्तन नआउन पनि सक्छ । अपवाद त जता पनि आइहाल्छ । साथै कतिपय कैदी लामो समयसम्म आफ्नो उर्वर समयमा कारागारभित्रै रहने भएकाले उनीहरूलाई कारागारबाहिर निस्केपछि चाहिने आवश्यक सिप, क्षमता अभिवृद्धि गराउनु पर्छ । धेरै जसो कारागारभित्र बाँसबाट बन्ने कुर्सी, मुढा, चकटी मात्रै बनाउन सिकाउने गरेको देखिन्छ । अहिले यस्ता सामान बजारमा खासै बिक्री हुने गरेका छैनन् ।

ठुलो जनशक्ति कारागारभित्र पनि रहने भएकाले उनीहरूलाई काठको काम गर्न, घर बनाउन, बिजुलीबत्तीको काम, धारा, पानी, ढलको काम गर्न सिकाउन सकिन्छ । आजभोलि यस्ता काम गर्ने नेपाली कामदार बजारमा पाउन मुस्किल छ । यदि कारागार मुक्त हुँदा कैदीका हातमा केही सिप भयो भने उनीहरू केही इलम गरेर व्यवहार चलाउन सक्छन् । फर्केर नराम्रो काम गर्ने सोच नआउन सक्छ ।

जेनजी प्रदर्शनपश्चात् देशमा ठुलो परिवर्तन आइसकेको छ । अब भने देशमा विकृति, विसङ्गति एवं भ्रष्टाचार जस्ता घटनामा कमी आई देश सुशासनतिर बढ्ने आशा धेरैले गरेका छन् ।

प्रत्येक नेपाली जस्तै कैद भुक्तान गरिरहेका कैदीका पनि केही आशा होलान् । कारागार सुधारका लागि नयाँ तरिकाले सोच्ने र फरक ढङ्गले काम गर्न जरुरी देखिन्छ । कारागारबाहिरका सबै मानिस राम्रा छन् भन्ने पनि छैन । सबै कैदी पनि दुष्ट नै हुन् भन्ने पनि हुँदैन । एक दिन वा एक महिनाको सजाय मात्रले पनि कतिपय कैदीको जीवनमा ठुलो परिवर्तन ल्याउन सकिन्छ भने कतिपयले आजीवन सजाय पाउँदा पनि परिवर्तन हुन सकेका हुँदैनन् । त्यस कारण समाजमा, परिवारमा खुसी ल्याउन कैदीहरूको पनि पुनर्स्थापना आवश्यक छ । कानुनले सजाय मात्रै होइन, सुधारको लागि पनि अवसर दिनु पर्छ ।

# नेपालको वर्तमान अवस्था बुझ्न ढिला नगरौं



• इन्द्रप्रसाद ओली

राजनीतिका आ-आफ्ना व्याख्या गर्ने शैली वा विभिन्न आयाम हुन सक्छन् ,विभिन्न कोणबाट परिभाषित हुन सक्छ । तर राजनीति खास अर्थमा राज्यको सीमाभित्र रहेका तल्लो तहदेखि उपल्लो तहसम्मका जनतालाई समान दृष्टिकोण राखी आँखा देखाउने , तिनीहरुको हक अधिकार सुनिश्चित गर्ने -गराउने , नागरिक र राष्ट्रको हित चिताउने , सबैको भलाइ गर्दै , राष्ट्र अन्तर ाष्ट्रियसंग सन्तुलन कायम गरी विभेदरहित समाजको स्थापना गर्दै ,सुशासनको प्रत्याभूति दिलाउने शास्त्रको नाम हो राजनीति ।

संक्षिप्तमा भन्नु पर्दा एउटा नेतृत्वदायी उच्च स्तरीय विचारको गति नै राजनीति हो ।

विचारले शासन सत्ताको मात्र कल्पना गर्दैन , राजनीतिक सत्ता ढलेर गएपनि विचारको सत्ता कायमै हुन्छ । जसरी उन्नाइसौं शताव्दीमा बेलायतको स्वतन्त्र भूमिमा उभिएर कार्ल मार्क्सले एउटा विचार दिए, संसारभरि त्यो विचारले एक पटक कब्जा जमायो । जसले पौने शताब्दी शासन पनि गर्‍यो । बिस्तारै राजनीति शक्ति ढलेर गए ,तर विचार आजका दिनसम्म कायमै छ ।

आधुनिक नेपालका परिकल्पनाकार राष्ट्रपिता वडामहाराजधिराज पृथ्वीनारायण शाहले वि स १८०१ देखि साम ,दाम, दण्ड भेदको नीति अख्तियार गरी नेपालको एकीकरण गर्नु भयो । नेपालका तीन विशेषतालाई बुझाउने प्रयत्न गरी विशाल नेपालको निर्माण गर्न सफल हुनुभयो ।

जस्तै :- १. ऋषिमुनिहरुको जन्म र कर्मथलो वेद उपनिषद, पुराण तथा नीति शास्त्रहरुको पौराणिक वैदिक तथा बौद्ध भूमि हिमवतखण्ड नेपाल ।

२. विश्वका राष्ट्रहरुमध्ये पुरानो सार्वभौमसत्ता सम्पन्न देश ।

३. विश्वको एकमात्र वैदिक सनातन हिन्दु अधिराज्य यिनै तीन कुरालाई एकीकृत गरी एउटा विचार राष्ट्रनिर्माता पृथ्वीनारायण शाहले दिनु भयो । त्यो विचारले साम्राज्यवादी शक्तिसँग भिडेर पृथ्वीनारायण शाह, बहादुर शाहलगायत विभिन्न जातिका सपुतहरुले नेपालको सार्वभौमसत्ता बचाएर अनेकौ जाति , भाषा धर्म र क्षेत्रीयतालाई सन्तुलित राख्न र अनेकतामा एकता र एकतामा विविधताको नीति कायम गरेर बाइसे राज्यहरु , जुम्ला,रुकुम,दुल्लु,रासकोट,बिमकोट,खुम्री, बझाङ,सल्यान, जाजरकोट, विलासपुर ,डोटी,सात्नी,बोगटान,बाजुरा,दाङ,दैलेख, दर्ना, रोल्पा,( गजुल) मालनेटा,जहारी,थलरा, अछाम र चौवीसे राज्यहरु गोर्खा,ढोर,कास्की,तनहुँ ,पाल्पा, पर्वत प्युठान, नुवाकोट, भिरकोट, सतौकोट्स,रिसिङ,गुल्मी, धुरकोट,गलकोट,उदयपुर,स्यांजा, गऱ्हौंकोट,लम्जुङ,पैयुँ अर्घा,इस्मा,मुसिकोट, मुताङ । अन्य कान्तिपुर भक्तपुर ,ललितपुर,चौदण्डी, मकवानपुर, बिजयपुर आदि स्वतन्त्र राज्यहरुलाई एकीकरण गरेर अंग्रेजी साम्राज्यले खान लागेको अवस्थामा सूर्य, चन्द्रमा फहराएर विशाल नेपाल एवम् विश्वको एकमात्र वैदिक सनातन हिन्दु अधिराज्य ( गुरु देश ) बनेको हो ।

यो पृथीविचार ( पृथ्वीपथ) ले शाहवंशीय परम्परा अनुसार करिव २०३९ वर्षसम्म प्रत्यक्ष अप्रत्यक्ष रुपमा शासन गरेको पाइन्छ । हाल राजको शासन सत्ता ढलेर गएपनि त्यो विचार त कायम छ त्यसकारण विचार यस्तो चिज हो, जो मर्दैन र विचार कहिल्यै मर्न पनि दिनु हुँदैन मानव सभ्यताको लागि मानव मष्तिस्कबाट उत्पादित चिन्तन र विचारहरु निरन्तर फैलिदै जानु परिवर्तित गतिशील हुँदै विचारले मानव सभ्यतालाई हाँक्नु पर्छ त्यसकारण पृथ्वी विचार दिव्य उपदेश नेपालको लागि सार्थक छन् । यिनै विचारको सामिप्यताका कारण अनेकतामा एकता , एकतामा विविधताको नीति कायम रहेका कारण विभिन्न जात -जाति भाषा - भाषी धर्म संस्कृति ,परम्परा रीतिरिवाज, पन्थ , सम्प्रदाय भेष- भुषा आदि यथावत कायम रहेर राष्ट्रिय पहिचान ,अखण्डता कायम रही स्वाधिनता स्वाभिमान नेपाल र नेपाली भएर सगौरव गर्न पाएका छौ ।

यसैगरी प्रजातन्त्र समाजवादको विजारोपण जननायक वीपी कोइरालाको नेतृत्वमा नेपालमा स्थापित भयो भने पुष्पलाल श्रेष्ठको नेतृत्वमा कम्युनिष्ट विचारको बीउ रोपियो । ती विचारहरु परिष्कृत हुँदै मत मतान्तर रहँदै हुर्कँदै विभिन्न उतारचढाव झेल्दै वि स २०४६ सालमा नेपाली काँग्रेस एकीकृत मार्क्सवाद लेलिनवाद ( वाम घटक ) संयुक्त आन्दोलन सहभागी भएर निर्दलीय पञ्चायती व्यवस्था ढल्यो । बहुदलीय प्रजातन्त्र स्थापना भयो र कम्युनिष्ट पुँजीवादी तन्त्र ( कपुतन्त्र) शासन सत्तामा आयो । वि स २०४७ सालदेखि आलोपालो गर्दै सत्तामा पटक पटक रजगज रहयो । वि स २०६३ सालपछि माओवादी समेत कम्युनिष्ट पुँजीवादी विचारमै सहभागी भएर संसदीय अभ्यासमा भाग लियो , सरकारको नेतृत्वमा समेत सफल हात पार्‍यो । अन्य स- साना राजनीतिक दल पनि धेरथोर सरकारमा सहभागी भए । पार्टी वा दलका नाम व्यानरमा अलग देखिएपनि मुलतः सबै राष्ट्र राज्य सिद्धान्त तथा कम्युनिष्ट पुँजीवाद विचारमा थिए।त्यसकारण ४/५ वटा दल समेत मिलेर सरकार ढाल्ने सरकारमा जाने दोहोरी चलिरह्यो । पछिल्लो समयसम्म यहि कायम थियो । हेर्दा फरक भए पनि उहीँ मुलाको चाना उहीँ मुलाको सिन्की भनेझैं थिए । यद्यपि यो विचारले पनि नेपालमा ३५/३६ वर्ष शासन गर्‍यो ।

विस २०८२ भाद्र २३ र २४ गतेको जेन्जी पुस्ताको आन्दोलनले दुई दिन ( १८ घण्टा)को आन्दोलनले सत्ता ढल्यो तर बहुसंख्यक नेपाली जनता कम्युनिष्ट पुँजीवादी विचारमा आबद्ध भएका हुँदा विचार मरेको छैन ।

प्रश्न उठ्छ यतिका सकृय सदस्य रहेको दल पार्टीको सरकार कसरी अठार घण्टाको आन्दोलनले सोरपटार



पारेर बढार्यो भन्ने चौतर्फी चर्चा रहेको छ ,रहनु स्वाभाविक हो ।

विस २०४६ सालपछि वहुदलीय व्यवस्थामा विभिन्न राजनीतिक दलगत चिन्तनहरु प्रशस्त देखा परेपनि राष्ट्रियताको सवालमा प्रजातन्त्रलाई कसरी समयानुकूल र नेपाली माटो अनुसार सुदृढ गर्ने भन्नेतिर प्रायः सबैको चासो कम रहयो । कसरी एकले अर्कालाई दोष थुपार्ने, गाली गर्ने , नागरिकलाई भ्रमित बनाइ सत्तामा जानु नै राजनीति हो भन्ने मात्र नेतृत्वको बुझाइ रहयो । पार्टी ,दलभन्दा व्यक्ति हावी हुँदै गए, अन्तर्राष्ट्रिय जगतले नेतृत्वको कमि कमजोरी राम्रोसंग बुझेका थिए, कुनै पनि दिन कुनै पनि पार्टी , दलले विशिष्ट नेतृत्व ,सामूहिक कर्तित्व , संस्थागत स्वामित्वको आभास दिन वा अभ्यास गर्दै गरेनन् । जुन दलको सरकार भएपनि सरकार वा प्रधानमन्त्री जो बन्यो उसैको सरकार भन्ने मात्र अर्थ लाग्यो सामूहिक कर्तित्व संस्थागत स्वामित्व हुन सकेन ।

कम्युनिष्ट पुँजीवादको ३५/३६ वर्षमा करिव ४० वटा सरकार गठन , देशमा काण्डैकाण्ड भ्रष्टाचार बेथिति , भएका कलकारखाना बन्द हुनु ,स्वास्थ्य, शिक्षा, सबैको पँहुच नहुनु वेरोजगारी , देशको अर्थतन्त्र कमजोर , वैदेशिक ऋण थपिनु , राष्ट्रिय अखण्डता ,स्वाधिनतामा प्रश्न चिन्ह खडा हुनु ,उपपहिचान अर्थात जातीय धार्मिक र क्षेत्रीय नश्लीय जस्ता पहिचानलाई एक अर्काविरुद्ध भिडाउने ,विभाजित गर्दै राज गर्ने औपनिवेशिक रणनीतिको प्रयोग , अग्रगमन र प्रगतिशीलका आकर्षण तर विदेशी प्रतिमानको षडयन्त्रपूर्ण नाराबाट जनतालाई वकाएर राजनीति, जति नै धेरै ठुला दल एवम् संख्यात्मक वा संघ संगठन सकृय सदस्य रहेको भनी अंहकार पनि दुई दिन ( अठार घण्टा) को सामाजिक सञ्जाल बन्द भएको एजेण्डामा जेनजीले गरेको आन्दोलनले सामाजिक सञ्जालमात्र सुचारु गरेन ,सत्ता नै ढल्यो । देशैभरिका स्थानीय तहदेखि संघीय सरकारका नेतृत्व शासक प्रशासक आत्मसमर्पण गरी भाग्नु पर्‍यो । नेपालको इतिहासमा यस्तो चमत्कारिक आन्दोलन भएको नै थिएन । कलिला उमेरका भाइबहिनीहरु ७६ जनाले सहादत प्राप्त गरे भनी कैयौं अस्पतालको बेडमा घाइते छन् । ठूलो जनधनको क्षति हुन पुग्यो ।

यसरी यो हुनुमा को दोषी भनी चौतर्फी वहस छ । कतिले विदेशी प्रतिगमनलाई दोष दिएका छन् भने कतिले नेतृत्व लिने सरकार र सबै पार्टी दल र अन्धभक्त भएका कार्यकर्ता नै दोषी हुन् भनी चर्चा गरेका छन् ।

यसमा मलाई लाग्छ नेपालको मौलिक प्रजातान्त्रिक चिन्तनलाई केलाएर वास्तविक इतिहासलाई जनजनमा पुर्‍याउन लागि नपर्ने राजनीतिक विश्लेषक , चिन्तक , साहित्य जगत र धर्मगुरुहरु समेत कहि न कहि दोषी देखिन्छन् ।

राष्ट्रियता धरातलमा रहेर मन्थनपूर्ण प्रतिकृया लेख्ने आँट हिम्मत साहस नराख्नु, आफूले आस्था राखेको दल जतिसुकै फोहरी भए पनि सफा सुग्घर देख्नु , स्थानीय टोल विकास, खानेपानी , मठमन्दिर क्लव जतातते राजनीतिको चरम भागवण्डा गर्ने प्रबृत्ति र शैक्षिक संस्थादेखि शासक, प्रशासक, न्यायालय , सुरक्षा निकाय नै दलका कार्यकर्ता युनियन आदि पनि विशेष दोषी हुन् ।

दलभन्दा फरक स्वतन्त्र नागरिकको जतिसुकै महत्वपूर्ण अभिव्यक्ति भए पनि सुनवाइ नहुनु , स्थानीय तहदेखि संघीय सरकारसम्मको चरित्र एकैनासको हुनु आदि आदि हुन् ।

यसैको परिफेरिमा वर्तमान संकट निम्तिएको छ ।एकातिर बाघ अर्कोतिर भिर भन्ने लोकयुक्ति छ । यस्तो अवस्थालाई सहन गर्न नसकी सामाजिक सञ्जालको एजेण्डामा जेन्जी पुस्ताको आन्दोलन नै सबै नागरिकको आन्दोलन हुन पुग्यो ।पोखरीमा जम्मा भएको पानी बाँधले थाम्न नसकेर बाँध फुटेर सबै सोरपटार पारिदिएको छ ।

हामीले जेनजी पुस्ता युवाहरू र विद्यार्थीहरूको आन्दोलनको सुक्ष्म रुपबाट केलाएर हेर्दा सुरुमा एक ऐतिहासिक पहलको आभास दिलायो, तर केही घण्टामै यसको अराजक, बर्बर र दिशाहीन स्वरूप देखा पर्न थाल्यो। अतीतका १५० वर्षमा यहाँ अनेकौं आन्दोलनहरू भए, धेरैले बलिदानी दिए, तर सामन्तवादको जकडबाट जनता मुक्त हुन सकेनन्। निःसन्देह, वि स २०५२ साल फागुन १ गतेबाट माओवादी नेतृत्वमा सुरु भएको जनयुद्धले वि स २०६२/६३ मा राजतन्त्रलाई समाप्त पार्‍यो । करिब २५० वर्ष पुरानो राजतन्त्र हटेर गणतन्त्र आयो। त्यो एक सफल क्रान्ति थियो ।

तर त्यसबेलादेखि नै राष्ट्रिय-अन्तर्राष्ट्रिय प्रतिगमनकारी( विदेशी प्रतिमान) शक्तिहरू सक्रिय भए। नेपालमा माओवादीहरूको सफलता र वामपन्थी लहरले साम्राज्यवादी मुलकलाई सबभन्दा धेरै त्रसित बनायो। छिमेकी चीन नहुँदो हो र नेपाल कुनै लाटिन अमेरिकी मुलुक भएको भए, उसले आफ्ना सैनिक धेरैअघि नै उतार्थ्यो। उसले चाहेको थियो नेपाललाई पनि इन्डोनेसियाको अवस्थामा पुर्‍याउन जातीय नश्लीय डेमोग्राफ फाली रहे पनि तर सकेन। त्यसैले धैर्यपूर्वक उपयुक्त समयको पर्खाइ गर्‍यो। वि स २०६२/ २०६३ पछि बितेका १७ वर्षमा सत्ताको शिखरमा पुगेका नेताहरूको आचरण, भ्रष्टाचार र जनताका आधारभूत मागप्रति गरेको उपेक्षाले नेताहरू र जनताबीचको दूरी यति बढायो कि अब त्यो दूरी कम गर्न असम्भवझैँ लाग्छ। पूर्व प्र म केपी ओली हुन् वा शेरबहादुर देउबा, प्रचण्ड त्रिपक्षीयलाई हेर्दा को बढी भ्रष्ट भन्ने ठम्याउन गाह्रो छ, , तर प्रचण्ड त एक विचारधारामा अडिएका कम्युनिष्ट नेता भएका कारण उनको नामसँग “भ्रष्ट“ शब्द जोडिनु, अरू दुवैको भ्रष्टाचारभन्दा कैयौँ गुणा बढी गम्भीर मानिन्छ ।

राजतन्त्रको अन्त्यसँगै सबैभन्दा बढी असहज अमेरिका भयो। २००३ फेब्रुअरी २८ मा वाशिङटनमा अमेरिकी उपसहायक विदेश मन्त्री डोनाल्ड क्याम्पले भनेका थिए–यदि नेपालमा माओवादी सफल भए भने यसले अमेरिकाको राष्ट्रिय हितमा चोट पुर्‍याउँछ। उनले नेपालको स्थितिमा अमेरिका ‘हरेक दिन’ नजर राखिरहेको पनि भनेका थिए। त्यो बेलामा जनयुद्ध चलिरहेको थियो। दक्षिण एशियामा भारतको सहयोग बिना अमेरिकाले आफ्नो प्रभुत्व जमाउन सक्दैन र भारत सधैँ राजतन्त्रको पक्षमा रह्यो। नेपालको सन्दर्भमा ‘ट्विन पिलर थ्योरी’ अर्थात् दुई स्तम्भको सिद्धान्त–एक राजतन्त्र र अर्को राजनीतिक दललाई स्थायित्वको आधार ठानिन्थ्यो। तर, यी सबैका बाबजुद प्रचण्डको नेतृत्वमा जनमुक्ति सेनाले राजा ज्ञानेन्द्रको नेतृत्वमा रहेको शाही नेपाली सेनालाई हरायो र राजधानी काठमाडौं चारैतिर घेर्‍यो। अमेरिका मौन बस्न बाध्य भयो।

त्यसपछि अमेरिकाले नेपाली सेनाभित्र घुसपैठ सुरु गर्‍यो र गणतन्त्र आएपछि यो प्रक्रियाले गति पायो। अधिदेखि भारत र नेपालबीच सेनात्मक ‘ बिरादरी’ सम्बन्ध रहेको मानिन्थ्यो र त्यो हदसम्म सत्य पनि थियो। तर अमेरिकाको प्रवेशप्रति आम रूपमा ध्यान दिइएन। प्रचण्डलाई यसबारे चेतावनी दिइँदा पनि उनले यसलाई सामान्य ठाने। एक अपुष्ट जानकारी अनुसार सुरक्षा निकाय र उपल्लो दर्जाका निजामती अधिकारीहरू अमेरिकी प्रभावमा छन् र यो क्रम लामो समयदेखि चल्दै आएको छ भनी स्रोतले बताउने गर्दछ ।

सोशियल मिडिया प्रतिबन्धलाई बहाना बनाएर सुरु भएको ‘जेन-जी आन्दोलन’ युवाहरूका वास्तविक मागलाई लिएर देखापरेको थियो र पहिलो नजरमा स्वतःस्फूर्त झैँ लाग्थ्यो। तर त्यो स्वतःस्फूर्त थिएन, बरु योजनाबद्ध र व्यवस्थित थियो। युवाहरूका वास्तविक गुनासोहरूलाई आफ्नो पक्षमा प्रयोग गर्ने शक्तिहरू पर्दा पछाडिबाट सञ्चालन गरिरहेका थिए र अमेरिका गणतन्त्र, लोकतन्त्र र वामपन्थविरोधी आफ्नो एजेन्डा लागू गर्न प्रतिक्रान्तिको तयारी गर्दै मैदानमा उत्रिसकेको थियो भनी जानकारहरुले बताउने गरेका छन् ।शंकाको दायरामै छ पूर्ण रुपमा बाहिरिएको छैन । आन्दोलनको दोस्रो दिनमै यसको आभास सर्वसाधारण नागरिकले समेत गर्न थालिसकेका थिए। एउटा समाचार बाहिरियो कि सेनाप्रमुखले प्रधानमन्त्री केपी ओलीलाई राजीनामा दिन भनेका छन्। यसअघि नेपालमा कहिल्यै पनि सेनाप्रमुखले निर्वाचित प्रधानमन्त्रीलाई आदेश दिने आँट गरेका थिएनन्। आन्दोलनकारीहरूले जति ठूलो मात्रामा सरकारी सम्पत्ति नष्ट गरे, त्यसले पनि देश र जनताप्रति उनीहरूको प्रतिबद्धता कस्तो थियो भन्ने देखायो।

यो आन्दोलन कसले सञ्चालन गर्‍यो भन्ने कुरा विस्तारै बाहिर आउने नै छ । मुख्य पात्रहरूमा विभिन्न व्यक्ति, संस्था ,जनप्रतिनिधि रहेका केही अपुष्ट समाचारले सर्वत्र छाएको छ । ‘हामी नेपाल’ एनजीओलाई केही अमेरिकी कम्पनीहरूले करोडौँ रुपैयाँको आर्थिक सहयोग दिएका थिए भन्ने कुरा समेत आएको छ ।

नेपाल कुन दिशामा जानेछ भन्ने दुविधा रहेको छ । अहिले नेपाल आफ्नो इतिहासको सबैभन्दा भीषण मोडबाट गुज्रिरहेको छ। दुई दिनको आन्दोलनले अवस्था ,व्यवस्था नै परिवर्तन ठूलो धनजनको क्षति भएसँगै अब नेपालका सचेत वर्ग पनि आत्ममन्थन गर्न बाध्य देखिन्छन् ।

त्यसैले आज सबभन्दा ठूलो आवश्यकता हो-अत्यन्त सजग र सतर्क रहदैं नेपालको माटो सुहाउँदो पृथी विचारलाई नै आत्मसात गर्नेको संख्या ठूलो देखिदै गएको छ ।

विदेशी प्रतिमानका विचारले नेपालीको जीवन स्तर र राजनीति स्थायित्व दिदैन भन्ने पाठ सबैले सिक्न बुझ्न जरुरी भएको छ । अब नेपालका सचेत नागरिक मध्यमार्गीमा जान आवश्यक छ । दुई फप्ल्याटे विचारमा जानु हुँदैन भन्ने प्रष्ट भएको छ । हरेक नेपालीले गहिरो मन्थन गरि निम्न कार्यहरु गर्न जरुरी छ ।

**निम्न** :-

१) २०७२ को संविधान संशोधन वा २०४७ को संविधानमा टेकी वहुदलीय प्रजातन्त्र संवैधानिक राजतन्त्रको पक्षमा सर्वत्र बहस चलाइ धारणा तयार गर्ने ।

२) एमाले , काँग्रेस , माओवादी ,रास्वपा , राप्रपा र अन्य राजनीतिक पार्टीले एक अर्कालाई दोष दिने भन्दा पनि राष्ट्र हितको लागि साझा एजेण्डा तयार गरि वर्तमान अवस्थालाई सहज निकास दिन तयार हुने ।

३) सवैंधानिक ( एकताको प्रतीक ) राजसंस्था निर्विकल्प भएको हुँदा सबै दलले साझा एजेण्डा तयार गर्ने र राजसंस्थालाई लिपिबद्ध अनुरोध गर्ने । सर्वसाधारण सबैमा राजसंस्था रहँदाका फाइदा र राजसंस्था नरहँदाका वेफाइदा सबै जिल्ला जिल्लामा बहस गरि सबै नागरिकको भावनाको कदर हुने उपयुक्त वातावरण तयार गर्ने

४) राजसंस्था स्थापना गरि कार्यकारी प्रमुख प्रधानमन्त्री जनताबाट निर्वाचित हुने व्यवस्था मिलाउने र विदेशमा रहेका ( एनआरएन ) नेपाली नागरिकले मतदान गर्न पाउने व्यवस्था मिलाउने ।

५ ) प्रदेश खारेज गरी स्थानीय तह मिलेसम्म घटाइ जिम्मेवार निकाय बनाउने र स्थानीय तहमा गैर राजनीतिक निर्वाचन गर्ने, गराउने ।

६) सांसद संख्या घटाउने ,समानुपातिक हटाउने र सांसद मन्त्री बन्न नपाउने संसदले देशका नियम कानुन शासक प्रशासक दुरुस्त चुस्त भ्रष्टाचाररहित बनाउन केन्द्रीत हुने तथा राष्ट्रिय सभा सानो छरितो विषयगतविज्ञ व्यक्तिको समिति गठन गर्ने ।

७) विषयगत ज्ञान भएका व्यक्ति छनौट गरि भूगोललाई समेटी समावेशीतालाई प्राथमिकता राखी मन्त्रिमण्डल बनाउने ।

८) प्रशासन प्रविधिमैत्री बनाउन विशेष जोड दिने ।

९) भ्रष्टाचारमा दोषी ठहर भएका जो कोहीलाई पनि निष्पक्ष रुपमा कार्वाहीको दायरामा ल्याउने र स्रोत नखुलेको सम्पत्ति राष्ट्रियकरण गर्ने नीति अबलम्बन गर्ने।

१०) राजनीति भागवण्डामा कुनै पनि संवैधानिक निकाय , न्याय क्षेत्र , शिक्षा क्षेत्रमा नियुक्ति नगर्ने , सक्षम व्यक्तिलाई अवसर दिने ।

११) स्थानीय तहदेखि संघीय संसद , प्रधानमन्त्री र मन्त्री एक ब्यक्ति दुई कार्यकालभन्दा बढी हुन नपाउने व्यवस्था मिलाउने ।

१२) सहृदयता दर्शन राज्य राष्ट्र सिद्धान्त पृथीविचारलाई आत्मसात गर्ने , मौलिक रैथाने कृषि र शिक्षा, स्वास्थ्यलाई जोड दिने ।

१३) ॐ कार सबैको सहअस्तित्व कायम गरि वैदिक सनातनॐ हिन्दु राज्य घोषणा गर्ने , यो बुँदा किन घोषणा गर्ने भन्ने सन्दर्भमा बहस चलाउने ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।

बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा,
अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

मेष — भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडवडी भई कामकाजमा असर

वृष — भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

मिथुन — रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

कर्कट — मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

सिंह — दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

कन्या — आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

तुला — सामान हराउने वा चोरी हुने सम्भावना छ ।

वृश्चिक — दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

धनु — आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

मकर — आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

कुम्भ — कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

मीन — सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ